आज मिति २०८० असार २४ गतेका दिन टीकापुर नगरपालिकाका प्रमुख श्री राम लाल डगौरा थारुको अध्यक्षतामा बसेको टीकापुर नगर कार्यपालिकाको उन्नीसौ (१९/०७९-८४ ) बैठकको उपस्थिती देहाय बमोजिम रह्यो ।

| क्रसं | पद | नामथर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री रामलाल डगौरा थारु | |
| २ | नगर उप-प्रमुख | श्री खडक बहादुर शाह | |
| ३ | सदस्य | श्री मोहन लुहार (वि.क.) | |
| ४ | सदस्य | श्री दीपक चौधरी | |
| ५ | सदस्य | श्री ऋषि वि.क. | |
| ६ | सदस्य | श्री लालविर चौधरी | |
| ७ | सदस्य | श्री बलविर थारु | |
| ८ | सदस्य | श्री बलिराम चौधरी | |
| ९ | सदस्य | श्री यज्ञ प्रसाद न्यौपाने | |
| १० | सदस्य | श्री दिर्घ बहादुर ठकुल्ला | |
| ११ | सदस्य | श्री लौटन चौधरी | |
| १२ | सदस्य | श्री सरस्वती तिरुवा | |
| १३ | सदस्य | श्री रुपमती ड. थारु | |
| १४ | सदस्य | श्री कैलास पति चोधरी | |
| १५ | सदस्य | श्री राजरानी चौधरी | |
| १६ | सदस्य | श्री लवरी चौधरी | |
| १७ | सदस्य | श्री दिपक बहादुर निशानी | |
| १८ | सदस्य | श्री मन्जु वि.क | |
| १९ | सदस्य | श्री राम बहादुर नगार्जी | |
| | | | |
| १ | सचिव | प्रमुख प्रशासकीय अधिकृत श्री मंगल बहादुर शाही | |

# उन्नाईसौ (१९) कार्यपालिका बैठकको निर्णय

## (मिति : २०८० असार २४ गते)

**विषयसूची :-**

१.चालु आ.व. २०७९/०८० को ढुंगा, गिट्टी, बालुवाको बिक्री शुल्क वाट प्राप्त राजश्व बाँडफाँट सम्वन्धमा ।

२.ढुंगा, गिट्टी तथा बालुवा संकलन सम्बन्धी कार्यमा परिचालित जनशक्तिको सेवा सुविधा सम्वन्धमा ।

३.पोषणमैत्री स्थानीय शासन अभियान कार्यक्रम संचालन सम्वन्धमा ।

४. नक्सा पासको ईजाजत पत्र सम्वन्धमा ।

५. विकास निर्माण कार्यमा आवश्यक समन्वय तथा सिफारिस सम्वन्धमा ।

६.सपिङ्ग कम्प्लेक्सको सटर कवल भाडा वक्यौता सम्वन्धमा ।

७. कार्यपालिका सदस्यको सेवा सुविधा सम्वन्धमा ।

८ :-भूमिको क्षेत्र तथा प्रकृति निर्धारण सम्वन्धमा ।

९. योजना तथा कार्यक्रमको रकम भुक्तानी सम्वन्धमा ।

१०. कर्मचारीहरुको सेवा सुविधा सम्वन्धमा ।

११. जनशक्ति व्यवस्थापन सम्वन्धमा ।

१९ औं कार्यपालिकाको बैठकको निर्णय

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

निर्णय :-

निर्णय नं. १ : चालु आ.व. २०७९/०८० का लागि यस टीकापुर नगरपालिकाको पूर्वि क्षेत्रमा पर्ने कर्णाली नदीको विभिन्न क्षेत्रवाट ढुंगा, गिट्टी तथा बालुवा विक्रीवाट संकलन हुन आएको तपसिल वमोजिम शुल्कको बाँडफाट सम्बन्धमा नगरपालिकाको आन्तरिक राजश्व खातामा जम्मा हुन आएको जम्मा रु.८२,४५,८२०।०० (बयासी लाख, पैतालिस हजार, आठ सय वीस मात्र) रकम मध्येवाट भ्याट (१३ प्रतिशत) वापत हुन आउने रकम रु. १०,७१,९५६।६० (दश लाख, एकहत्तर हजार, नौ सय छेपन्न हजार , साठी पैशा) नगरपालिकाको विविध खर्च खातामा सारी उक्त भ्याट रकम नियमानुसार खर्च उल्लेख गर्ने साथै देहाय वमोजिम रकम बाँडफाँट गर्ने ।

तपसिल :

आ.व. २०७९/०८० मा ढुंगा, गिट्टी तथा बालुवा संकलन वापत संकलन रकम

| क्र.सं. | निर्माण ब्यावसायी | इकाई | परिमाण (घनमिटर ) | दर | जम्मा उठेको रकम(भ्याट सहितको रकम) | भ्याट (१३ प्रतिशत ) | भ्याट बाहेकको रकम |
|---|---|---|---|---|---|---|---|
| १ | श्री नागार्जुन | ग्राभेल | ११९०३ | १२०.०० | १४२८३६०.०० | १८५६८६.८० | १२४२६७३.२० |
| २ | श्री बन्दना भगवती | ग्राभेल | ६६०० | १२०.०० | ७९२०००.०० | १०२९६०.०० | ६८९०४०.०० |
| ३ | न्यू समिप निर्माण सेवा | ग्राभेल | ८४४ | १२०.०० | १०१२८०.०० | १३१६६.४० | ८८११३.६० |
| ४ | थिंक निर्माण सेवा | ढुंगा | ४९२ | १२०.०० | ५९०४०.०० | ७६७५.२० | ५१३६४.८० |
| ५ | समर्पण निर्माण सेवा | ढुंगा | ६७२ | १२०.०० | ८०६४०.०० | १०४८३.२० | ७०१५६.८० |
| ६ | संदेश एंड सुजाता | ढुंगा | ३४८ | १२०.०० | ४१७६०.०० | ५४२८.८० | ३६३३१.२० |
| ७ | जयगढी कन्ट्रक्सन | ग्राभेल | १०४७२ | १२०.०० | १२५६६४०.०० | १६३३६३.२० | १०९३२७६.८० |
| ८ | कडेल निर्माण सेवा | ग्राभेल | ६१२ | १२०.०० | ७३४४०.०० | ९५४७.२० | ६३८९२.८० |
| ९ | सिस्ने कन्ट्रक्सन | ग्राभेल | ९६० | १२०.०० | १५२२००.०० | १९७८६.०० | १३२४१४.०० |
| १० | राजन निर्माण सेवा | ग्राभेल | ६० | १२०.०० | ७२००.०० | ९३६.०० | ६२६४.०० |
| ११ | तेडी निर्माण सेवा | ग्राभेल | ५०७ | १२०.०० | ६०८४०.०० | ७९०९.२० | ५२९३०.८० |
| १२ | अमिक्षा कन्ट्रक्सन | ग्राभेल | १५१३ | १२०.०० | १८१५६०.०० | २३६०२.८० | १५७९५७.२० |
| १३ | प्रकाश निर्माण सेवा | ग्राभेल | ८५१ | १२०.०० | १०२१२०.०० | १३२७५.६० | ८८८४४.४० |
| १४ | हिडा कन्ट्रक्सन | बालुवा | ९० | १२०.०० | १०८००.०० | १४०४.०० | ९३९६.०० |
| १५ | पशुपति कन्ट्रक्सन | बालुवा | ५८ | १२०.०० | ६९६०.०० | ९०४.८० | ६०५५.२० |
| १६ | किंगमेक बिल्डर्स | ग्राभेल | ५८१ | १२०.०० | ६९७२०.०० | ९०६३.६० | ६०६५६.४० |
| १७ | निदिम निर्माण सेवा | ग्राभेल | ११०० | १२०.०० | १३२००००.०० | १७१६००.०० | ११४८४००.०० |

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ३७६६३ | | ५७४४५६०.०० | ७४६७९२.८० | ४९९७७६७.२० |
| १८ | बिभिन्न व्यक्तिहरु बाट | | ३००१० | | २५०१२६०.०० | ३२५१६३.८० | २१७६०९६.२० |
| कुल जम्मा | | | ६७६७३ | | ८२४५८२०.०० | १०७१९५६.६० | ७१७३८६३.४० |

| | |
|---|---|
| भ्याट बाहेकको रकम | ७१७३८६३.४० |
| २ प्रतिशत प्रशासनिक खर्च कट्टी | १४३४७७.२७ |
| | ७०३०३८६.१३ |
| ४० प्रतिशतले हुन् आउने रकम | २८१२१५४.४५ |
| ६० प्रतिशतले हुन् आउने रकम | ४२१८२३१.६८ |
| | ७०३०३८६.१३ |

**निर्णय नं. २ : यस टीकापुर नगरपालिकाको पूर्वी क्षेत्रमा पर्ने कर्णाली नदीको विभिन्न क्षेत्रबाट** ढुंगा, गिट्टी तथा वालुवा संकलन तथा उत्खनन कार्यका लागि (आ.व. २०७९/०८०-२०८०/०८१) का लागि स्वीकृत वातावरणीय परिक्षेण प्रतिवेदनमा उल्लेखित स्थानमा नगरपालिकाको जनशक्ति परिचालन गरी नियमानुसार शुल्क लिई विक्री गर्ने सम्वन्धमा गरिएको कार्यपालिकाको निर्णय (दशौ कार्यपालिका वैठकको निर्णय नं. ७ ) वमोजिम खटाईएका जनशक्तिहरुलाई निम्नानुसार खाजा भत्ता उपलव्ध गराउने ।

| क्र.सं. | विवरण | तोकिएको रकम | कैफियत |
|---|---|---|---|
| १ | नियमित फिल्डमा खटिई शुल्क उठाउने कार्यमा सम्मिलीत जनशक्तीलाई खाजा भत्ता वापत | प्रतिदिन प्रतिव्यक्ति रु. ३०० र सार्वजनिक विदाको दिनको हकमा प्रतिदिन प्रतिव्यक्ति रु. ६००।- | |
| २ | नियमित फिल्डमा खटिई रसिद काट्ने कर्मचारी वाहेकका अन्य कर्मचारी तथा जनप्रतिनिधीहरुको हकमा अनुगमन भत्ता | अनुगमन वापत नियमानुसार भत्ता | |
| | उल्लेखित भत्ता प्रशासनिक खर्च वापत हुन आउने रकमवाट र अपुग रकमको हकमा विविध शिर्षकवाट खर्च व्यहोरिने गरी उपलव्ध गराउने । | | |

निर्णय नं.३ :-यस नगरपालिकालाई पोषणमैत्री स्थानीय तह घोषणा गर्ने लक्ष्य अनुरुप चालु आ.व. ०७९ /०८० देखिनै लागु हुने गरी पोषणमैत्री स्थानीय शासन अभियान कार्यक्रम संचालन गर्ने र उक्त कार्यक्रम संचालनका लागि वडा नं. ३ छनौट गरी कार्यक्रम अगाडि वढाउने ।

**प्रमुख प्रशासकिय अधिकृत**

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

**निर्णय नं. ४ :-** रानी जमरा कुलरिया सिंचाई प्रणाली जल उपभोक्ता संस्था मूल समिति, टीकापुर कैलालीले प.स.२०७९/०८०, च.नं.२५०, मिति २०८०/०३/०१ वाट जमरा काठे पुलवाट पश्चिम तर्फ, उत्तरमा वाटो, पश्चिममा जमरा कुलोको भवन, दक्षिणमा जमरा नाला चार किल्ला भित्रको २ कट्ठा जग्गामा भवन निर्माण भएको र सो को नक्सा पासको ईजाजत पत्र पाउँ भनि पेश हुन आएको निवेदनका सम्वन्धमा टीकापुर नगर विकास समितिको प.स.०७२,०७३ च.नं २८, मिति २०७२।०६।१८ गतेका जग्गा भोगाधिकार गर्न दिईएको पत्रको आधारमा उक्त तोकिएको स्थानमा नक्शा पासको ईजाजत प्रदान गर्ने ।

**निर्णय नं. ५ :-** यस नगरपालिका क्षेत्र भित्र गरिने विकास निर्माण सम्वन्धी कार्यहरु थप प्रभावकारी र दीगो रुपमा संचालन व्यवस्थापन गर्ने उद्देश्यका साथ यस नगरपालिका क्षेत्र भित्र रानी जमरा कुलरिया सिंचाई आयोजना मार्फत गरिने विकास निर्माण सम्वन्धी योजना तथा कार्यक्रमहरुको हकमा वडा तथा नगरको समन्वय र सिफारिसलाई अनिवार्य गर्ने र सोहि वमोजिम सम्वन्धित निकायलाई अनुरोध गर्ने ।

**निर्णय नं. ६ :-**यस नगरपालिकाको आन्तरिक आयका लागि नगरपालिकाको स्वामित्वमा रहेका सपिङ्ग कम्प्लेक्सको सटर कवलको भाडा वक्यौता रहेको तथा सम्झौता नविकरण नभएको सम्वन्धमा तपसिल वमोजिम गर्ने ।

क) नियमित भाडा बुझाएका र कूनै पनि बक्यौता नरहेका व्यक्ति तथा फर्महरु सँग आगामी आ.व. ०८०/०८१ का लागि सम्झौता नविकरण गर्ने ।

ख) नियमति भाडा बुझाएका तर सम्झौता हुँदाका वखत पक्षको रुपमा रहेको व्यक्ति तथा फर्महरुले व्यापार व्यवसाय संचालन नगरी अन्य व्यक्ति तथा फर्मले उक्त सटर कवलहरुमा व्यापार व्यवसाय गरी रहेकाहरुको हकमा त्यसरी हाल प्रयोग गरी रहेका व्यक्ति तथा फर्महरुलाईनै पक्ष कायम गरी आगामी आ.व. ०८०/०८१ का लागि सम्झौता नविकरण गर्ने साथै तोकिएको अवधि भित्र सम्झौता हुन नसकेमा र वारम्वार ताकेता गर्दा समेत रकम असुल उपर हुन नसकेकाहरुको हकमा टेन्डर प्रक्रियामा जाने ।

ग) आगामी दिनहरुमा भाडालाई नियमित तथा व्यवस्थित गर्नका लागि सहयोग पुगोस भन्ने उद्देश्यका साथ यस नगरपालिकाको सटर कवलहरुको भाडा सँग सम्वन्धित विषयमा अध्ययन गरी तथ्यगत रुपमा प्रतिवेदन पेश गर्ने प्रयोजनका लागि तपसिल वमोजिमको कार्यदल गठन गरी १५ दिन भित्र प्रतिवेदन पेश गर्न जिम्मेवारी तोक्ने ।

तपसिल :

| क्र.सं. | पदाधिकारीको नाम | तोकिएको जिम्मेवारी | कैफियत |
|---|---|---|---|
| १ | १ नं. वडा अध्यक्ष, श्री मोहन लुहार (वि.क) | संयोजक | प्रतिवेदनमा उल्लेख गर्नुपर्ने विषयहरु : क)सटर कवलको विवरण संख्या ख)प्रोपाईटर (व्यक्ति वा फर्म) को विवरण |
| २ | कार्यपालिका सदस्य, श्री राम वहादुर नगार्जी | सदस्य | |
| ३ | कार्यपालिका सदस्य, श्री लवरी चौधरी | सदस्य | |
| ४ | कार्यपालिका सदस्य, श्री दिपक निशानी | सदस्य | |
| ५ | लेखापाल, श्री देवीकृष्ण जैशी | सदस्य | |
| ६ | ना.सु. श्री कमला पोखेल | सदस्य सचिव | |

प्रमुख प्रशासकिय अधिकृत

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| | | | ग)स्वीकृत भाडादर ,स्वीकृत कवोल अंक , सम्झौता मिति ,भाडा भुक्तानीको विवरण वक्यौता रकम, छुटको विवरण, महालेखा परीक्षणको प्रतिवेदनमा पेश गरिएको राय लगायतका विषय समेट्नु पर्ने |

**निर्णय नं. ७ :-** सरकारी सवारी साधन उपलब्ध नभएका तर नगरपालिकाको कामकाज सँग सम्वन्धित भई आफ्नो निजी सवारी साधन प्रयोग गरी रहेका कार्यपालिका सदस्यहरुको हकमा प्रति महिना प्रति व्यक्ति १०। (दश) लिटर पेट्रोल ईन्धन सुविधा उपलब्ध गराउने ।

**निर्णय नं. ८:-** भूमिहीन दलित,भूमिहीन सुकुम्वासी र अव्यवस्थित वसोवासी सम्वन्धी लगत संकलन कार्यविधि,२०७८ मा व्यवस्था भए वमोजिम सम्वन्धित कार्यविधिमा उल्लेख भए वमोजिम जग्गाको क्षेत्र तथा प्रकृति विभाजन गर्ने सम्वन्धमा ७ नं. वडा समितिको वैठकवाट सिफारिस भए वमोजिम वडा नं. ७ को हकमा तपसिल वमोजिम गर्ने ।

| क्र.सं. | जग्गा रहेको स्थान | जग्गाको क्षेत्र | | | कैफियत |
|---|---|---|---|---|---|
| | | सहरी क्षेत्र | सहरोन्मुख क्षेत्र | ग्रामिण क्षेत्र | |
| वडा नं. ७ | | | | | |
| १ | वेलुवा चौराहा देखि सत्ती बजार हुदै धामी टोलको नजिक हुलाकी रोडको सिमाना सम्मको दायाँ वायाँ रहेका जग्गाहरु | | नगरपालिकाको (सहरोन्मुख क्षेत्र) | | |
| २ | वडा नं. ७ भित्र रहेका खक्रौला सडक र हुलाकी सडक संग जोडिएर रहेका जग्गाहरु | | नगरपालिकाको (सहरोन्मुख क्षेत्र) | | |
| ३ | सत्ती वसपार्क देखि पदमपुर, डाँडाबोझी हुदै टीकापुर खक्रौला सडकसंग जोडिएर रहेका जग्गाहरु | | नगरपालिकाको (सहरोन्मुख क्षेत्र) | | |

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| ४. | सत्ती शिव मन्दिर देखि सत्ती प्रहरी चौकी सम्मको बाटोको दायाँ बायाँका जग्गाहरु | | नगरपालिकाको (सहरोन्मुख क्षेत्र) | | |
| ५. | मदन वैद्यको घर देखि धन बहादुर खड्काको घर सम्म जोड्ने बाटोको दायाँ बायाँका जग्गाहरु | | नगरपालिकाको (सहरोन्मुख क्षेत्र) | | |
| ६. | पशु क्वराइन्टाईन चोक देखि कर्णाली मा.वि. हुदै बासुदेव भण्डारीको घर सम्म जोड्ने बाटोको दायाँ बायाँका जग्गाहरु | | नगरपालिकाको (सहरोन्मुख क्षेत्र) | | |
| ७. | बाँकी सबै कित्ता जग्गाहरु | | | नगरपालिकाको (ग्रामिण क्षेत्र) | |

| क्र.सं. | जग्ग रहेको स्थान | जग्गाको प्रकृति | कैफियत |
|---|---|---|---|
| | | वडा नं. ७ | |
| १. | महादेव टोल, सिम्रेनी टोल, सत्ती बजारको पूर्व तर्फ रहेका जग्गाहरु | ३. साविकको वन क्षेत्र जनिएको भएपनि आवादीमा परिणत भएको जग्गा | |
| २ | बेलुवा चोक देखि बेलुवा गाउँ जाने बाटोको उत्तर दक्षिणका जग्गाहरु | ११. सडक सीमाभित्रका जग्गाहरु | |
| ३. | बेलुवा गाउँ चोक देखि सुन्दरपुर जाने बाटोको दायाँ बायाँका जग्गाहरु | ११. सडक सीमाभित्रका जग्गाहरु १२. कसैको निजी जग्गा | |
| ४. | सुन्दरपुरको पुछाडी जमरा खोलाको किनारका जग्गाहरु | २. पर्ती, नदी उकास लगायतका बसोबास वा खेतीयोग्य अन्य सरकारी जग्गा | |
| ५ | प्रतिपुरको पछाडीका जग्गाहरु | १. आवाद लायक वा बसोबासयोग्य ऐलानी जग्गा | |
| ६. | जनता मा.वि. सुनाफाँटा स्कुल नजिकका जग्गाहरु | १२. कसैको निजी जग्गा | |
| ७. | बैदी ढुंगाना टोल, डल्फिन क्षेत्रको जग्गाहरु | १. आवाद लायक वा बसोबासयोग्य ऐलानी जग्गा | |
| ८. | कालाकुण्डा चौकी देखि दक्षिणका जग्गाहरु | २. पर्ती, नदी उकास लगायतका बसोबास वा खेतीयोग्य अन्य सरकारी जग्गा | |

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ९:- चालु आ.व. २०७९/०८० मा संचालन भएका तर रकम अभावका कारण सम्पूर्ण रुपमा रकम भुक्तानी हुन नसकि दायित्व सिर्जना हुन गएका योजना तथा कार्यक्रमको सम्वन्धमा तपसिल वमोजिम गर्ने ।

तपसिल :

| क्र.सं. | योजना तथा कार्यक्रमको नाम | रकम | रकम व्यहोरिने श्रोत (शिर्षक) |
|---|---|---|---|
| १ | विभिन्न प्रकारका दिवसिय कार्यक्रमहरु संचालन (नारी दिवस र सांस्कृतिक प्रवर्द्धन कार्यक्रम अन्तर्गत महाशिव रात्री | ४१, २४८। | साहित्य कला र संस्कृति संरक्षण कार्यक्रम |
| | | | |

निर्णय नं १०:- यस नगरपालिकामा कार्यरत कर्मचारीहरुलाई उपलब्ध गराईदै आएको तपसिल वमोजिमको सेवा सुविधालाई आगामी आ.व. ०८०/०८१ मा समेत निरन्तरता प्रदान गर्ने ।

क) यस टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा कार्यरत सवारी चालक, नगर प्रहरी तथा दमकलमा कार्यरत कर्मचारीहरुलाई विगत देखि उपलब्ध गराउँदै आएको राशन भत्तालाई निरन्तरता दिदै आगामी आ.व.०८०/०८१ मा प्रति महिना प्रति व्यक्ति रु. ३५००।- राशन भत्ता उपलब्ध गराउने ।

ख) यस टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा कार्यरत चौकीदार कर्मचारीहरुलाई यस कार्यालयको पालोपहरा गर्दा सार्वजनिक विदाका दिनमा पालोपहरा गरेवापत दैनिक खाजा भत्ता रु.२५०।- (दुई सय पचास मात्र) उपलब्ध गराउने साथै वडादशै तथा दिपावलीको अवसरमा पालोपहरामा रहने कर्मचारीलाई पनि उक्त सुविधा उपलब्ध गराउने ।

ग) टीकापुर नगरपालिका अन्तर्गत पार्क व्यवस्थापन उपशाखामा कार्यरत उपशाखा प्रमुख विदा र अन्य दिनमा समेत अतिरिक्त समय खटीई काम गर्नु पर्ने भएको हुँदा अर्को व्यवस्था नभए सम्मका लागि प्रति दिन रु. २५०।- का दरले चिया, खाजा खर्च उपलब्ध गराउदै आएकोमा अन्य प्रशासनिक कर्मचारी थप गर्दा कार्यालयलाई थप उत्तरदायित्व सृजना हुन जाने देखिएकोले अर्को व्यवस्था नभए सम्मका लागि आगामी आ.व. २०८०/०८१ मा समेत निरन्तरता प्रदान गर्ने ।

घ) यस नगरपालिकाको स्वीकृत स्थायी र अस्थायी दरवन्दि अन्तरगत रही करार सेवा , मासिक ज्यालादारीमा कार्यरत कर्मचारीहरुले हाल प्राप्त गर्दै आएको /खाईपाई आएको मासिक पारिश्रमिक स्वीकृत नगर दररेट भन्दा न्यून हुने भएमा आ.व. ०८०/०८१ का लागि स्वीकृत नगर दररेट वमोजिम मिलान गरी कायम गर्ने र अन्य सेवा सुविधा साविक वमोजिमनै कायम गर्ने ।

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं.११ :- साविक स्थानीय निकाय देखिनै यस नगरपालिकाको स्वीकृत दरवन्दि अन्तर्गत रही हाल स्थानीय तह अन्तर्गत समायोजन भएका तपसिल बमोजिमका पदमा कार्यरत कर्मचारीहरु अनिवार्य अवकास भई उक्त पदहरु रिक्त हुन गएको हुँदा रिक्त पदहरुमा करार सेवा अन्तर्गत जनशक्ति पदपूर्ति गर्ने ।

तपसिल :

| क.सं. | पद | रिक्त भई पदपूर्ति गर्नुपर्ने संख्या | कैफियत |
|---|---|---|---|
| १ | कुचीकार (श्रेणी विहिन) | २ | नियमित नगर सरसफाई कार्यका लागि |
| २. | चौकिदार | १ | कार्यालय सुरक्षाको लागि रात्री कालिन समयका लागि |

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

१९ औं कार्यपालिकाको बैठकको निर्णय